Volume 5

Annex 5.62b: Minute of MUSOM-IQAC on Extension Activities for the Encouragement.

आज मिति २०६६/०३/२० गतेका दिन यस मुखेमको IQAC का संयोजक डा. सुशिल कुमार शाहीको संयोजकत्वमा IQAC को समिति बैठक बसी तपशिलको उपस्थितिमा तपशिलका निर्णयहरु गरियो।

उपस्थिति:

डा. सुशिल कुमार शाही, संयोजक

श्री भुपाल विक्रम कठायत, सदस्य

श्री विलिहोत्र वाशिष्ठ, सदस्य

श्री यशोदा थापा, सदस्य

श्री मुकुन्द प्रसाद शर्मा, सदस्य-सचिव

आमन्त्रित: श्री राजकुमार थापा

श्री डिल्लु प्रसाद ढुङ्गाना

श्री इर्शाद अहमद इराकी

निर्णयहरु:

निर्णय नं. १:

QAA प्रकृयाका लागी आवश्यक पर्ने SAT समिति कार्यालय स्थापनाको प्रकृयलाई निरन्तरता दिँदै यस सँग आवश्यक विभिन्न उपकरण तथा स्टेशनरी सामग्रीको लागी लेखा शाखा सँग माग गर्ने निर्णय गरियो।

निर्णय नं. २:

विद्यार्थीलाई विषयगत ज्ञान मात्र नभई उनिह लाई समाज प्रतिको दायीत्व बोध गराउन तथा विभिन्न व्यवसायीक तथा सिपमुलक क्षमता मा अभिवृद्धि गर्ने हेतुले विभिन्न अध्ययन, अनुसन्धान, जनसम्पर्क तथा सचेतना सम्बन्धि कार्यलाई अघि बढाउन विद्यार्थीलाई हर-तरह ले सहयोग गरी विभिन्न सरकारी, गैह्र सरकारी तथा अन्य संघ-संस्थाहरुसँग सम्झौता गर्ने तथा यसका लागी आवश्यक परे विद्यार्थीहरुलाई आर्थिक सहयोग पनि उपलब्ध गराउने र यस्ता Outreach तथा Extension Activities लाई निरन्तरता दिने निर्णय गरियो।

Volume 5

Annex 5.62C: Visuals of the Major Extension Activities of MUSOM.



# आमाघरलाई मुसुमको सहयोग

- साझा बिसौनी संवाददाता

सुर्खेत, ६ पुस ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (मुसुमले) सुर्खेतले आमाघरमा रहेका बालबालिकाहरूलाई सहयोग गरेको छ । आमाघरको आश्रयमा रहेका आठ जना बालबालिकाहरूलाई ज्याकेट र खाद्यान्न सहयोग गरिएको मुसुम विद्यार्थी कल्याण परिषद्का वीरेन्द्रविक्रम लामाले बताए ।

आइतवार मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्टका निर्देशक डा. सुशीलकुमार शाहीले सामग्री हस्तान्तरण गरेका हुन् । आमाघरका प्रतिनिधि अनिल ढकाललाई सामग्री हस्तान्तरण गरिएको हो ।

सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै निर्देशक शाहीले विश्वविद्यालयले अध्यापनको मात्रै काम नगरी सामाजिक सेवाको समेत काम गर्ने बताए । उनले अझै पनि समाजमा गरिबीमा पिल्सिएको बस्तीमा गई प्राथमिक स्वास्थ्य शिविरहरू सञ्चालनमा ल्याउने उद्देश्य बोकेको जानकारी दिए ।

त्यस्तै आमाघरका अनिल ढकालले नशा सेवन गरी सडकमा आतङ्क मच्चाउँदै हिँडेका बालकहरूलाई संरक्षणमा राखेको भए पनि सरकारको तर्फबाट कुनै सहयोग नपाएको बताए । उनले अझै पनि वीरेन्द्रनगरको सडकमा ६० देखि ७० को हाराहारीमा बालबालिकाहरू रहेको बताए । लागुऔषध प्रयोग गर्ने युवाहरूले बालकहरूलाई आर्थिक सङ्कलनमा प्रयोग गरेको पाइएको उनले बताए । यसमा सबै सचेत हुनुपर्ने उनको भनाइ छ ।